# मतदाता परिचयपत्र सम्बन्धी नियमावली, २०५३

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५३।१।१३

संशोधन

| | |
|---|---|
| १. मतदाता परिचयपत्र सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५३ | २०५३।४।१० |
| २. मतदाता परिचयपत्र सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०५९ | २०५९।४।३० |

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको नियमावली बनाएको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यो नियमावलीको नाम "मतदाता परिचयपत्र सम्बन्धी नियमाली, २०५३" रहेको छ ।

(२) यो नियमावली आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निर्वाचन क्षेत्रमा तोकिएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन" भन्नाले मतदाता नामावली सम्बन्धी ऐन, २०५२ सम्झनु पर्छ ।

(ख) "मतदाता परिचयपत्र" भन्नाले ऐनको दफा २४ बमोजिम मतदातालाई उपलब्ध गराइएको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(ग) "परिचयपत्र व्यवस्थापन अधिकारी" भन्नाले नियम ३ बमोजिम नियुक्त भएको वा तोकिएको मतदाता परिचयपत्र व्यवस्थापन अधिकारी सम्झनु पर्छ ।

(घ) "प्रमुख परिचयपत्र वितरण अधिकारी" भन्नाले नियम ४ बमोजिम नियुक्त भएको वा तोकिएको प्रमुख मतदाता परिचयपत्र वितरण अधिकारी सम्झनु पर्छ ।

(ङ) "परिचयपत्र वितरण अधिकारी" भन्नाले नियम ५ बमोजिम नियुक्त भएको वा तोकिएको मतदाता परिचयपत्र अधिकारी सम्झनु पर्छ ।

## परिच्छेद- २

## नियुक्ति, काम कर्तव्य र अधिकार

३. **प्रमुख परिचयपत्र वितरण अधिकारीको नियुक्ति, काम कर्तव्य र अधिकार** : ❷(१) ऐन र यस नियमावली बमोजिम मतदाता परिचयपत्र व्यवस्थापन तथा बितरण सम्बन्धमा गर्नु पर्ने कार्यहरू गर्न गराउन आयोगले केन्द्रीय स्तरमा आयोगको वा नेपाल सरकारको कुनै अधिकृतलाई प्रमुख परिचयपत्र वितरण अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ ।

तर नेपाल सरकारको कुनै अधिकृतलाई नियुक्त गर्दा वा तोक्दा नेपाल सरकारको सहमति लिई तोकिनेछ ।

(२) प्रमुख परिचयपत्र वितरण अधिकारीको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतदाता परिचयपत्र सम्बन्धी व्यवस्थापन, तयारी र वितरण सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउने ।

(ख) मतदाता परिचयपत्र तयार गर्न चाहिने बजेटको तर्जुमा गरी नेपाल सरकारमा पेश गर्ने र निकासा भएको बजेट रकम खर्च गर्ने ।

(ग) मतदाता परिचयपत्र व्यवस्थापन, तयारी र वितरण सम्बन्धी कार्यको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्ने ।

❷ दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

(घ) ऐन र यस नियमावली बमोजिम जिल्ला परिचयप व्यवस्थापन अधिकारी र अन्य कर्मचारीहरूले गर्नुपर्ने कार्यको निरीक्षण, नियन्त्रण र अनुगमन गर्ने ।

(ङ) ऐन, नियम बमोजिम प्रमुख परिचयपत्र वितरण अधिकारी तथा अन्य कर्मचारीले गर्नुपर्ने काम कर्तव्यको सम्बन्धमा आवश्यकता अनुसार प्रशिक्षण तथा निर्देशन दिने ।

(च) मतदाता परिचयपत्र तयार गर्ने र वितरण गर्ने काममा समस्याहरू उत्पन्न भएमा सोको निराकरण गर्ने ।

(छ) प्रमुख परिचयपत्र वितरण अधिकारी र मतदाता परिचयपत्र वितरण कार्यमा संलग्न अन्य कर्मचारीहरूले ऐन र यस नियमावलीमा उल्लेख भए बमोजिम काम नगरेमा वा लापरवाही साथ काम गरेमा निज उपर प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्ने गराउने ।

(ज) यो नियमावली कार्यान्वयन गर्न गराउन आवश्यक पर्ने सबै काम गर्ने गराउने ।

(झ) मतदाता परिचयपत्र तयार तथा वितरण गर्ने सिलसिलामा व्यापक रूपमा प्रचार प्रसारको व्यवस्था गर्ने गराउने ।

(ञ) आयोगले तोकेको अन्य काम गर्ने ।

४. **प्रमुख परिचयपत्र वितरण अधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार** : (१) प्रमुख परिचयपत्र वितरणअधिकारीले मतदाताहरूलाई मतदाता परिचयपत्र दिनुपर्ने व्यवस्था लागू गरेको जिल्लामा एकजना प्रमुख परिचयपत्र वितरण अधिकारी नियुक्ति गर्न वा तोक्न सक्नेछ ।

(२) ऐन र यस नियमावलीमा अन्यत्र लेखिएको काम कुराको अतिरिक्त प्रमुख परिचयपत्र वितरण अधिकारीको निर्देशन र नियन्त्रणमा रही प्रमुख परिचयपत्र वितरण अधिकारीले देहाय बमोजिमको काम गर्नु पर्नेछ :-



नेपाल कानून आयोग

(क) मतदाता परिचयपत्र तयार गर्ने र वितरण गर्ने कार्य सम्पन्न गर्न परिचयपत्र वितरण अधिकारीलाई निजले गर्नुपर्ने कार्य र क्षेत्र तोक्ने ।

(ख) ऐन र यस नियमावली बमोजिम मतदातालाई उपलब्ध गराउने मतदाता परिचयपत्र तोकिए बमोजिम तयार गर्ने गराउने ।

(ग) आयोगले तोकेको अवधि भित्र मतदाताहरूलाई मतदाता परिचयपत्र वितरण गर्ने गराउने ।

(घ) ऐन र यस नियमावली बमोजिम परिचयपत्र वितरण अधिकारीले गर्नुपर्ने कार्यको संचालन, नियन्त्रण, निरीक्षण र अनुगमन गर्ने ।

(ङ) मतदाता परिचयपत्र तयार गर्ने र वितरण गर्ने काममा समस्या उत्पन्न भएमा सोको निराकरण गर्ने ।

(च) मतदाता परिचयपत्र तयार गर्ने र वितरण गर्ने कार्यमा संलग्न कर्मचारीहरूले ऐन र यस नियमावलीमा उल्लेख भए बमोजिम काम नगरेमा वा लापरवाहीसाथ काम गरेमा निज उपर प्रचलित कानुन बमोजिम विभागीय कारवाही गर्ने गराउने ।

(छ) प्रमुख परिचयपत्र वितरण अधिकारीले तोकेको अन्य काम गर्ने ।

नेपाल कानून आयोग

५. **परिचयपत्र वितरण अधिकारीको नियुक्ति, काम, कर्तव्य र अधिकार** : (१) मतदाता परिचयपत्र दिनुपर्ने व्यवस्था लागु गरेको निर्वाचन क्षेत्र वा त्यस्तो निर्वाचन क्षेत्रभित्र पर्ने नगरपालिका वा गाउँ विकास समितिको क्षेत्रभित्र मतदाता परिचयपत्र वितरण गर्नको लागि प्रमुख परिचयपत्र वितरणअधिकारीले आवश्यकता अनुसार परिचयपत्र वितरण अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ ।

(२) प्रमुख परिचयपत्र वितरण अधिकारीको नियन्त्रण र निर्देशनमा कार्य गर्नु परिचयपत्र वितरण अधिकारीको कर्तव्य हुनेछ ।

६. **अन्य कर्मचारी सम्बन्धी व्यवस्था** : यस नियमावली बमोजिम मतदाता परिचयपत्र तयार गर्ने र वितरण गर्ने कामको लागि आवश्यक पर्ने प्राविधिक तथा अन्य कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनेछ ।

## परिच्छेद-३

## मतदाता परिचयपत्र सम्बन्धी व्यवस्था

[❶]७. **मतदाता परिचयपत्र उपलब्ध गराउने** : (१) ऐनको दफा २३ बमोजिम आयोगले मतदाताहरूलाई मतदाता परिचयपत्र दिने व्यवस्था लागू गरेको निर्वाचन क्षेत्रको मतदाताहरूलाई दिइने मतदाता परिचयपत्रको नम्बरसमेत उल्लेख गरी फाराम नं. १क. बमोजिमको ढाँचामा तयार गरेको मतदाता नामावली आयोगले प्रमुख परिचयपत्र व्यवस्थापन अधिकारीलाई उपलब्ध गराउनेछ।

(२) उपनियम (१) बमोजिम उपलब्ध गराइने मतदाता नामावली ऐन तथा मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ बमोजिम तयार भएको अन्तिम मतदाता नामावलीको आधारमा तयार गर्नुपर्नेछ।

(३) उपनियम (१) बमोजिम आयोगले उपलब्ध गराएको मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरूलाई परिचयपत्र वितरण अधिकारीले मतदाता परिचयपत्र उपलब्ध गराउनेछ।

(४) नियम १२ बमोजिम मतदाता परिचयपत्रको प्रतिलिपि उपलब्ध गराउने अवस्था बाहेक मतदाता नामावलीमा नाम समावेश भएका मतदातालाई एक पटक मात्र मतदाता परिचयपत्र उपलब्ध गराइनेछ।

(५) उपनियम (३) बमोजिमको मतदाता परिचयपत्र आयोगले तोकिदिएको अवधिमा मात्र उपलब्ध गराइनेछ।

८. **मतदाता परिचयपत्रमा रहने विवरण** : (१) मतदाता परिचयपत्रमा देहाय बमोजिमको विवरण हुनेछ :-

(क) मतदाता परिचयपत्रको कागज सेतोरंगको हुनेछ।

(ख) मतदाता परिचयपत्रमा माथि दायाँ पट्टि सम्बन्धित मतदाताको दुवै कान प्रष्ट देखिने फोटो रहनेछ । मतदाताको फोटो

[❶] पहिलो संशोधनद्वारा संशोधित।

नेपाल कानून आयोग

सहितको मतदाता परिचयपत्र कम्प्यूटर प्रविधिबाट तयार गरिनेछ र त्यसलाई लेमिनेशन समेत गरिएको हुनेछ ।

(ग) मतदाता परिचयपत्रको साइज अधिकतम ६×१० से.मी. सम्मको हुनेछ ।

(घ) मतदाता परिचयपत्रमा नक्कल गर्न नसकिने प्राविधिक व्यवस्था हुनेछ ।

(ङ) मतदाता परिचयपत्रमा माथि बायाँ पट्टि नेपालको निशाना छाप हुनेछ ।

(च) मतदाता परिचयपत्रमा माथि बीचमा "नेपाल सरकार, निर्वाचन आयोग मतदाता परिचयपत्र" भन्ने उल्लेख हुनेछ ।

(२) उपनियम (१) बमोजिमको मतदाता परिचयपत्रमा निम्नलिखित विवरण समेत उल्लेख हुनेछ :-

(क) मतदाताको परिचयपत्र नं.

(ख) मतदाताको नाम, थर

(ग) मतदाताको जन्म मिति

(घ) मतदाताको लिङ्ग

(ङ) मतदाताको पिता/पतिको नाम, थर र नाता

(च) मतदाताको ठेगाना :

घर नं. ................जिल्ला................., निर्वाचनक्षेत्र नं. ................गा. वि. स./न.पा. ............................वडा नं. ...............गाउँ वा टोल ..............................................

(छ) प्रमुख परिचयपत्र वितरण अधिकारीको दस्तखत





नेपाल कानून आयोग

(ज) प्रमुख परिचयपत्र वितरण अधिकारीको नाम, थर, दर्जा

(झ) मतदाता परिचयपत्र जारी भएको मिति ।

(३) उपनियम (२) को खण्ड (क) बमोजिमको मतदाताको परिचयपत्र नं. आयोगले तोके बमोजिम प्रत्येक मतदाताको लागि अलग अलग हुनेछ ।

(४) नियम ७ बमोजिम मतदाताहरूलाई उपलब्ध गराउने मतदाता परिचयपत्रको ढाँचा फाराम नं.१ मा तोकिए बमोजिम हुनेछ ।

९. **मतदाता परिचयपत्र तयार गर्ने कार्यविधि** : (१) ऐन र मतदाता नामावली सम्बन्धी नियामावली बमोजिम अन्तिम मतदाता नामावली प्रकाशन भएपछि आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकि दिएका क्षेत्रका मतदाताहरूलाई यस नियमावली बमोजिम दिइने मतदाता परिचयपत्र तयार गर्ने कार्य हुनेछ ।

(२) उपनियम (१) बमोजिम मतदाता परिचयपत्र तयार गर्ने प्रकृया सम्बन्धमा आयोगले अन्यथा तोकिदिएमा बाहेक देहायमा लेखिएबमोजिम गरी तयार गर्नुपर्नेछ :-

(क) प्रत्येक जिल्ला, निर्वाचन क्षेत्र वा त्यस निर्वाचन क्षेत्र भित्र पर्ने गाउँ विकास समिति वा नगरपालिकाको अन्तिम मतदाता नामावलीको आधारमा प्रत्येक गाउँ विकास समिति वा नगरपालिकाको वडाको छुट्टै अभिलेख राखी मतदाता परिचयपत्र तयार गर्नु पर्नेछ ।

(ख) मतदाताले आफू मतदाता भएको विवरण सहितको फाराम नं. २ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(ग) मतदाताको निवेदनसंग मतदाता नामावली भिडाई रुजु गरी निजको उल्लिखित विवरण र निवेदनको विवरण अनुरूपको मतदाता परिचयपत्र तयार गर्नुपर्नेछ ।

(घ) मतदाता नामावली र निवेदनको विवरण भिडेमा फाराम नं. १ को ढाँचामा मतदाता परिचयपत्र तयार गर्नुपर्नेछ ।

नेपाल कानून आयोग

१०. **मतदाता परिचयपत्र वितरण गर्ने विधि** : ऐन र यस नियमावली बमोजिम मतदाताहरूलाई उपलब्ध गराइने मतदाता परिचयपत्र वितरण गर्ने प्रकृया सम्बन्धमा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्यथा तोकी दिएमा बाहेक देहाय बमोजिम गरी मतदाता परिचयपत्र वितरण गर्नुपर्नेछ :-

(क) मतदाता परिचयपत्र पाउने मतदाताको पहिचानको निमित्त मतदाता नामावली र मतदाता परिचयपत्रमा उल्लेख भएको विवरण भिडाई हेर्नुपर्नेछ।

(ख) वितरण गरिएको मतदाता परिचयपत्रको प्रतिलिपि (फोटोकपी) अभिलेखको रूपमा राख्नु पर्नेछ । त्यस्तो अभिलेखमा परिचयपत्र वितरण अधिकारीले प्रमाणित गर्नुपर्नेछ।

(ग) मतदाता परिचयपत्र वितरण गर्दा फाराम नं. ३ बमोजिमको ढाँचाको दर्ता किताबमा सहीछाप गरी गराई आयोगले तोकी दिएको अवधि भित्र वितरण गर्नुपर्नेछ।

११. **छुट मतदाता परिचयपत्र लिने विधि** : (१) मतदाता नामावलीमा नाम समावेश भएको तर यस नियमावली बमोजिम मतदाता परिचयपत्र वितरण गरेको समयमा अनुपस्थित रहेको मतदाताले मतदाता परिचयपत्र लिनको लागि निजको एकाघरको परिवारको सदस्यले वा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाका सदस्य वा गाउँ विकास समितिको सचिव वा नगरपालिकाको वडा सचिवले गरेको सिफारिश वा ऐनको दफा २९ बमोजिमको प्रमाण संलग्न गरी प्रमुख परिचयपत्र वितरण अधिकारी समक्ष फाराम नं. ४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने मतदाताको नाम मतदाता नामावलीमा दर्ता भएको देखिएमा प्रमुख परिचयपत्र वितरण अधिकारीले फाराम नं. १ बमोजिमको ढाँचामा मतदाता परिचयपत्र तयार गरी आयोगले तोकेको समयावधि भित्र मतदाता परिचयपत्र दिनेछ।

१२. **मतदाता परिचयपत्रको प्रतिलिपि** : (१) यस नियमावली बमोजिम प्राप्त भएको मतदाता परिचयपत्र हराएमा, विवरण थपघट गर्नु परेमा, चोरी भएमा वा नष्ट भएमा मतदाताले मतदाता परिचयपत्रको प्रतिलिपि पाउनको लागि सम्बन्धित प्रमुख

परिचयपत्र वितरण अधिकारी समक्ष फाराम नं. ५ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि परिचयपत्र वितरण अधिकारीले निज मतदाताको अभिलेखसंग निवेदनको व्यहोरा भिडाई मिलेमा मतदाताको मतदाता परिचयपत्रको प्रतिलिपि आयोगले तोकेको अवधि भित्र दिनुपर्नेछ ।

१३. **मतदाताले पालना गर्नु पर्ने शर्त** : मतदाताले मतदाता परिचयपत्र पाएपछि देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) मतदाताले मतदानको समयमा मतदान केन्द्रका सम्बन्धित कर्मचारीलाई मतदाता परिचयपत्र देखाउनु पर्नेछ ।

(ख) मतदाता परिचयपत्र हिफाजत साथ राख्नु पर्नेछ र कुनै प्रकारको थपघट गर्न, केरमेट गर्न वा च्यात्न हेरफेर गर्न वा नष्ट गर्नसमेत हुँदैन ।

१४. **मतदाता परिचयपत्र पुनः वितरणको आदेश दिन सक्ने** : कुनै निर्वाचन क्षेत्र वा सो अन्तर्गतको गाउँ विकास समिति वा नगरपालिकाको वडामा मतदाता परिचयपत्र वितरण गर्दा व्यापक रूपमा गल्ती भएको वा नक्कली मतदाता परिचयपत्र वितरण भएको छ भनी कसैले प्रमाण सहित दिएको निवेदन वा अन्य विभिन्न श्रोतबाट जानकारी प्राप्त भै आयोगलाई सो कुरामा विश्वास लागेमा आयोगले त्यस्तो मतदाता परिचयपत्र रद्द गरी पुनः मतदाता परिचयपत्र वितरण गर्ने आदेश दिन सक्नेछ ।

१५. **मतदाता परिचयपत्र रद्द हुने** : कसैले आफ्नो नाम ढाँटी अर्काको नामको मतदाता परिचयपत्र लिएको ठहरेमा त्यस्तो व्यक्तिले लिएको मतदाता परिचयपत्र प्रमुख परिचयपत्र वितरण अधिकारीले रद्द गर्नेछ ।

## परिच्छेद -४

## विविध

१६. **नेपाल सरकारको दायित्व** : ऐनको दफा २३ बमोजिम आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको निर्वाचन क्षेत्र भित्रका मतदाताहरूलाई ऐनको दफा





नेपाल कानून आयोग

२४ बमोजिम मतदाता परिचयपत्र वितरण गर्नको लागि मतदाता परिचयपत्रको तयारी, वितरण र तत्सम्बन्धी व्यवस्थापन गर्ने गराउने ⊡कार्यमा सहयोग गर्ने दायित्व नेपाल सरकारको हुनेछ ।

१७. **सहयोग लिने** : (१) यो नियमावली बमोजिम मतदाता परिचयपत्र वितरण गर्ने सिलसिलामा प्रमुख परिचयपत्र वितरणअधिकारी, प्रमुख परिचयपत्र वितरण अधिकारी र परिचयपत्र वितरण अधिकारीले आवश्यकता अनुसार राजनैतिक दलका प्रतिनिधिहरू, नेपाल सरकारका विभिन्न मन्त्रालय र विभागहरू, स्थानीय निकाय तथा कार्यलयका पदाधिकारीहरूसंग सहयोग लिन सक्नेछन् ।

(२) परिचयपत्र वितरण अधिकारीले परिचयपत्र तयार गर्ने र वितरण गर्ने सन्दर्भमा प्रचार प्रसार एवं जनसहभागिता जुटाउने समेत कार्यको लागि गाउँ विकास समितिको अध्यक्ष, उपाध्यक्ष वा सदस्य वा नगरपालिकाको प्रमुख, उपप्रमुख वा सम्बन्धित वडाको सदस्यको आवश्यक सहयोग लिन सक्नेछ ।

(३) उपनियम (१) र (२) बमोजिम सहयोग मागिएको अवस्थामा सहयोग दिनु सम्बन्धित निकाय वा पदाधिकारीको कर्तव्य हुनेछ ।

१८. **दस्तुर:** मतदातालाई पहिलो पटक नि:शुल्क मतदाता परिचयपत्र उपलब्ध गराइनेछ तर नियम १२ बमोजिम प्रतिलिपि जनाई अर्को मतदाता परिचयपत्र लिंदा आयोगले तोके बमोजिम दस्तुर लाग्नेछ ।

१९. **मतदाता परिचयपत्र सम्बन्धी विवादको निर्णय गर्ने** : (१) मतदाता परिचयपत्र वितरणको सन्दर्भमा कुनै मतदाताको पहिचान सम्बन्धी कुरामा विवाद उत्पन्न भएमा त्यस्तो विवादको निर्णय परिचयपत्र वितरण अधिकारीले गर्नुपर्नेछ ।

(२) परिचयपत्र वितरण अधिकारीले उपनियम (१) बमोजिम निर्णय गर्दा नियम २० बमोजिमको समितिसंग सल्लाह लिन सक्नेछ ।

२०. **समिति** : नियम १९ को उपनियम (२) को प्रयोजनको लागि परिचयपत्र वितरण अधिकारीले देहाय बमोजिमका व्यक्तिहरू रहेको एक समिति गठन गर्नेछ :-

---

⊡ दोस्रो संशोधनद्वारा थप ।

(क) गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको सदस्य एकजना ।

(ख) प्रतिनिधि सभामा सदस्य रहेको प्रत्येक राजनैतिक दलको स्थानीय प्रतिनिधि एकजना ।

(ग) स्थानीय गण्यमान्य व्यक्तिहरू मध्ये कम्तिमा एकजना महिला समेत बढीमा तीनजना ।

२१. **आयोगले आवश्यक निर्णय गर्न सक्ने** : यस नियमावलीको कार्यान्वयनको क्रममा कुनै समस्या वा विवाद उत्पन्न भएमा आयोगले आवश्यक निर्णय गर्न सक्नेछ ।

२२. **निर्देशन दिन सक्ने** : यस नियमावलीको कार्यान्वयनमा आयोगले सम्बन्धित निकाय वा अधिकारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

२३. **कागजात सुरक्षित राख्ने** : (१) मतदाता परिचयपत्र वितरण सम्बन्धमा खडा गरिएका दर्ता किताब लगायतका सम्पूर्ण कागजात परिचयपत्र वितरण अधिकारीले प्रमुख परिचयपत्र वितरण अधिकारीलाई बुझाउनु पर्नेछ । यसरी बुझाएको कागजात प्रमुख परिचयपत्र वितरणअधिकारीले सुरक्षित राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमका कागजात बाहेक मतदाता परिचयपत्र सम्बन्धी अन्य कागजात र प्राविधिक सरसामानहरू आयोगले तोकेको अधिकारीले सुरक्षित रूपमा राख्नुपर्नेछ ।

२४. **फाराममा हेरफेर तथा थपघट गर्न सक्ने** : आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी यस नियमावलीको फारामहरूमा आवश्यकतानुसार हेरफेर तथा थपघट गर्न सक्नेछ ।

**रूपान्तरण** :

मूल नियमावलीको ठाउँठाउँमा प्रयोग भएका “परिचयपत्र व्यवस्थापन अधिकारी” भन्ने शब्दहरूको सट्टा “केन्द्रीय परिचयपत्र व्यवस्थापन अधिकारी” र प्रमुख परिचय पत्र वितरण अधिकारी” भन्ने शब्दहरूको सट्टा “जिल्ला परिचयपत्र व्यवस्थापन अधिकारी भन्ने शब्दहरू राखि रूपान्तरण गरिएको छ ।

नेपाल कानून आयोग

# फाराम नं. १

## (नियम ८(४) र नियम ९(२) सँग सम्बन्धित)

निशाना छाप

नेपाल सरकारको
निर्वाचन आयोग
मतदाता परिचयपत्र

फोटो

परिचयपत्र नं. जन्म मिति :
मतदाताको नाम, थर : लिङ्ग :
पिता/पतिको नाम, थर नाता :
ठेगाना : जिल्ला - नि.क्षे. गा.वि.स./न.पा. को नाम :
वडा नं. गाउँ/टोलको नाम : घर नं. :

नेपाल कानून आयोग

**(अग्र भाग)**

प्रमुख परिचयपत्र वितरण अधिकारीको
नाम थर :
दर्जा :

दस्तखत :

मिति :

(पृष्ठ भाग)

नेपाल कानुन आयोग

# +फाराम नं. १क

## (नियम ७ को उपनियम (१) संग सम्बन्धित)

## निर्वाचन आयोग

मतदाता नामावली

(............ ...... ....... साल चैत्र मसान्तसम्ममा १८ वर्ष पूरा भएका)

जिल्ला निर्वाचन क्षेत्र नं. गाउँ विकास समिति/नगरपालिका : वडा नं.

| क.सं. | घर नम्बर | प.सं. | प.क.सं. | गाउँ/टोल | मतदाताको विवरण | | | | | मतदाताको पिता/पति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मतदाता प.प.नं. | नाम, थर | लिंग | जन्म मिति | उमेर | नाम, थर | नाता | |
| | | | | | | | | | | | | |

+ पहिलो संशोधनद्वारा थप ।





नेपाल कानून आयोग

## फाराम नं. २

## (नियम ९ को उपनियम २(ख) संग सम्बन्धित)

## निवेदन

श्री परिचयपत्र वितरण अधिकारीज्यू,

............................

........................

निम्न विवरण साथ मतदाता परिचयपत्र पाउन यो निवेदन पेश गरेको छु ।

१. नाम, थर ..................................................

२. जन्म मिति ............................................

३. ठेगाना : जिल्ला......................... निर्वाचन क्षेत्र नं. .................. गाउँ विकास समिति / नगरपालिका वडा नं. ................ गाउँ/टोल .......................

४. घर नम्बर .................. परिवार नम्बर

५. क्रमसंख्या .....................

६. पिता/पतिको नाम......................

निवेदक

दस्तखत..................

नाम, थर................

मिति.....................

नेपाल कानून आयोग

# फाराम नं. ३

**(नियम १०(ग) संग सम्बन्धित)**

## निर्वाचन आयोग

**... ... ... ... जिल्ला निर्वाचन क्षेत्र नं. ... ... ...**

**... ... ... ... ... ... ...गाउँ विकास समिति/नगरपालिका वडा नं. ... ... ... ...**

## दर्ता किताब

| सि.नं. | मतदाता परिचयपत्र नम्बर | मतदाता परिचयपत्र पाउने मतदाताको | | मिति | मतदाता परिचयपत्र वितरण गर्ने पदाधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | नाम, थर | दस्तखत | | | |
| | | | | | | |

नेपाल कानून आयोग

# फाराम नं. ४

## (नियम ११(१) संग सम्बन्धित)

## छुट मतदाता परिचयपत्र लिने दिने निवेदन

## विषय : मतदाता परिचयपत्र पाउँ

श्री प्रमुख परिचयपत्र वितरण अधिकारीज्यू,

… … … … … … … … … .. … …

… … … … … … … … … … …

निवेदक म … … … … … …जिल्लाको निर्वाचन क्षेत्र नं. … … … अन्तर्गत… … … … … गाउँ विकास समिति/नगरपालिका वार्ड नं. … … …को मतदाता नामावलीमा नाम समावेश भएको मतदाता हुँ र मेरो मतदाता सम्बन्धी अन्य विवरण निम्न बमोजिम छ । मतदाता परिचयपत्र वितरण गर्ने समयमा म सम्बन्धित ठाउँमा उपस्थित हुन नसकेको हुँदा कानुन बमोजिम मैले पाउनु पर्ने मतदाता परिचयपत्र हाल सम्म प्राप्त गरेको छैन । मेरो मतदाता परिचयपत्र पाउँ ।

नेपाल कानून आयोग

## मेरो मतदाता विवरण

१. मतदाता क्रम संख्या

२. घर संख्या

३. परिवार संख्या

४. गाउँ/टोल र घर नम्बर

५.  मतदाताको नाम, थर... ... ... ... ...

६.  जन्ममिति... ... ... ... ... ... ... ...

७.  लिं... ... ... ...

८.  पिता/पतिको नाम, थर... ... ... ... .. ... ...

यस निवेदनमा लेखिएको व्यहोरा ठीक साँचो हो । झुट्टा ठहरे कानुन बमोजिम सहुँला ।

निवेदक

सिफारिश गर्ने व्यक्तिको :

सही :... ... ... ... ...

नाम, थर :... ... ... ...

सही : ... ... . ...

नाम, थर ... ....

मिति :... ... ...

नेपाल कानुन आयोग

# फाराम नं. ५

## (नियम १२(१) संग सम्बन्धित)

## मतदाताको परिचयपत्रको प्रतिलिपिको लागि दिने निवेदन

### विषय : मतदाता परिचयपत्रको प्रतिलिपि पाउँ

श्री प्रमुख परिचयपत्र वितरण अधिकारीज्यू,

… … … … … … … … … … … …

… … … … … … … … … … … …

निवेदक म निम्नलिखित व्यहोरा निवेदन गर्दछु :-

… … … … … …जिल्लाको निर्वाचन क्षेत्र नं. … … … अन्तर्गत … … … … … … … … … … … … … गाउँ विकास समिति/नगरपालिका वार्ड नं. … … …को … … … … … … … …गाउँ/टोलमा बसोवास गरी आएको र सोही बमोजिमको मतदाता नामावलीमा नाम भई मतदाता परिचयपत्र समेत पाएको हुँ/मिति… … … ……… … … …मा दैवी प्रकोप/भवितव्य परी मेरो मतदाता परिचयपत्र नष्ट भएको/हराएको हुँदा सो को प्रतिलिपि पाउन यो निवेदन प्रस्तुत गर्दछु /कानुन बमोजिमको दस्तूर लिई मतदाता परिचयपत्रको प्रतिलिपि पाउँ । मेरो मतदाता सम्बन्धी विवरण निम्न लिखित बमोजिम छ ।

## मतदाता सम्बन्धी विवरण

१. क्रमसंख्या

२. घर संख्या

३. परिवार संख्या



नेपाल कानून आयोग

४. गाउँ/टोल र घर नम्बर

५. मतदाताको नाम, थर... ... ... ... ... ... ... ...

६. जन्ममिति ... ... ... ... ... ... ... ... ... ... ..

७. लि॰ : पुरुष/महिला... ... ... ...

८. पिता/पतिको नाम, थर... ... ... ... ... ... ... ..

<u>निवेदक</u>

सही : ... ... ... ...

नाम, थर :... ... ... ..

नेपाल कानून आयोग